# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय भेरी अञ्चल, नेपालगञ्ज, बांकेबाट आ.व. २०७३/०७४ मा चारपाङ्ग्रे सवारी साधनको सवारी अनुमतिपत्रको लिखित परीक्षामा भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन मिति २०७३/१२/२० मा आयोगमा दर्ता भई उक्त निवेदन उपर अनुसन्धान हुंदा मिति २०७३ साल कार्तिक ५,६,७ र ८ गतेमा लिखित परिक्षा सञ्चालन भएकोमा कुल १२,६३१ जना परीक्षार्थी सहभागी भई लिखित परीक्षामा ९,४०९ जना उत्तिर्ण गराई नतिजा प्रकाशन भएको र सो परीक्षामा जम्मा ४६५ जना परीक्षार्थीहरू प्रयोगात्मक परीक्षामा समेत उत्तिर्ण भई परिक्षा समितिको मिति २०७३/१२/०७ र मिति २०७३/१२/१३ को निर्णयानुसार निज ४६५ परीक्षार्थीहरूको नाममा सवारी चालक अनुमतिपत्र जारी गर्ने निर्णय भएकोमा उक्त चारपाङ्ग्रे सवारी साधनको लिखित परीक्षाको उत्तरपुस्तिकामा प्रदान गरिएको अंकको सम्बन्धमा थप अनुसन्धान गर्दा वस्तुगत बहुवैकल्पिक तर्फको प्रश्नमा कम्तिमा ९ वटा प्रश्नको सही उत्तर दिने परीक्षार्थी मात्र लिखित परीक्षामा उत्तिर्ण गराउनु पर्नेमा ९ वटा भन्दा कम सही उत्तर दिने सवारी चालक अनुमतिपत्र जारी गर्ने भई सकेका उक्त ४६५ जना परीक्षार्थीहरू मध्ये ९० जना परीक्षार्थीहरूलाई तथा उत्तरपुस्तिका परिक्षण नै नगरिएका ३३ जना परीक्षार्थीहरूलाई समेत लिखित परीक्षामा उत्तिर्ण गराई परीक्षाको परिणाममा फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कसूर गरेको पुष्टी हुन आएकोले निजहरूलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | कार्यालयको पद तथा नाम थर | कार्यालयको नाम |
|---|---|---|
| १ | कार्यालय प्रमुख (उपसचिव) पवन सुबेदी | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| २ | शाखा अधिकृत, सीताराम खनाल | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ३ | शाखा अधिकृत, डेकराज पोखरेल | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ४ | शाखा अधिकृत, बिष्णु साहनी | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ५ | शाखा अधिकृत, ध्रुवप्रसाद देवकोटा | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ६ | मेकानिकल इन्जिनियर, अर्जुनकुमार चौधरी | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ७ | प्रहरी निरिक्षक, बिमलकुमार उपाध्याय | पश्चिमाञ्चल क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, बुटवल । |
| ८ | नायब सुब्बा, ललितबहादुर वली | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ९ | नायब सुब्बा, केशवराज डांगी | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १० | नायब सुब्बा, हतराज पौडेल | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| ११ | नायब सुब्बा, सतानन्द उपाध्याय | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १२ | नायब सुब्बा, अरुणकुमार गौतम | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १३ | नायब सुब्बा, डिलाराम खरेल | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १४ | नायब सुब्बा, ओमबहादुर बस्नेत | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १५ | नायब सुब्बा, गणेशमान आचार्य | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगंज । |
| १६ | प्रहरी नायब निरिक्षक, दिपेन्द्रबहादुर सिहं | जिल्ला ट्राफिक कार्यालय, नेपालगंज, बांके । |

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता